"सम्पूर्ण बामपन्थी, प्रगतिशील, देशभक्त, तथा जनतान्त्रिक विद्यार्थी एक जुट होऔं ।"
अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (क्रान्तिकारी)
All Nepal National Independent Students' Union (Revolutionary)
केन्द्रीय समिति
(Central Committee)

मिति : २०८० साउन ६

प्रिय कमरेड इन्चार्ज/अध्यक्ष........प्रदेश/ राष्ट्रिय समिति /जिल्ला समिती
/क्याम्पस समिति

**बिषय : परिपत्र गरिएको बारे ।**

यहि मिति २०८० असार (२४-२५) गते सम्म अनेरास्ववियू ( क्रान्तिकारी) केन्द्रिय पदाधिकारीको तेश्रो पूर्ण बैठक संगठनका अध्यक्ष पञ्चा सिंहको अधक्ष्यतामा, पार्टी सचिव तथा फ्याक्सन इन्चार्ज हितमान शाक्यको प्रमुख आतिथ्यतामा बसी गरेका निर्णयहरु जानकारी एवं कार्यन्वयनका लागि यो परिपत्र जारी गरिएको छ ।

1. वैठकको प्रारम्भमा सम्पूर्ण ज्ञातअज्ञात महान सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली स्वरुप १ मिनेट मौनधारण गरियो ।

2. बैठकमा उपस्थित संगठन र आयोगका पदाधिकारी, तथा प्रदेश अध्यक्षहरुले आ-आफ्नो कार्यक्षेत्रमा संगठनको पछिल्लो अवस्था र स्ववियु निर्वाचनको समीक्षात्मक रिपोर्ट र आगामी कार्यक्रमवारे सुझाव प्रस्तुत गर्नु भयो ।

3. रिपोट तथा सुझावमा उठेका विषयबस्तुको जफाव, समसामयिक राजनीतिक परिस्थिति र हाम्रो आगामी कार्यभार बारेमा बैठकका प्रमुख अतिथि पार्टी सचिव तथा फ्याक्सन इन्चार्ज हितमान शाक्यले प्रशिक्षणमुलक मन्तब्य राख्नुभयो ।

**4. संगठन सम्बन्धमा**
क, संगठनको हितविपरीत लागेकाहरुलाई कारबाही गर्ने, निष्क्रिय भएका र विदेश गएका केन्द्रीय सदस्यहरुलाई विदाइ गर्ने निर्णय गरिएको छ ।

ख, सचिवालय सदस्य, केन्द्रिय सदस्य, आयोग र विभागहरुको पूर्णता दिने निर्णय गरिएको छ । सबै प्रदेशबाट नाम विवरण प्राप्त नभएकोले नाम विवरण प्राप्त भएपछि आवश्यक निर्णय गरेर विशेष परिपत्रमा तत्कालै पठाईनेछ।

5. विधान सम्मेलन र 23 औं राष्ट्रिय सम्मेलनको मिति यही श्रावनमा हुने केन्द्रिय समितिको बैठकबाट तय गर्ने निर्णय गरिएको छ ।

6. अवधि पुगेका मातहतका सम्मेलन/भेलाहरु व्यवस्थित तयारी सहित छिटो सम्पन्न गर्न निर्देशन गर्ने निर्णय गरिएको छ ।

7. कुनैपनि तहको सम्मेलन गर्दा सम्मेलनका प्रतिनिधिहरु सदस्य संख्याको आधारमा निर्धारण गर्नु पर्नेछ ।

8. हरेक विभागले आवश्यक कार्यक्रम निर्माण गरी सञ्चालन तथा आयोजना गर्ने ।

9. शैक्षिक कार्यदिशा निर्माणकालागि केन्द्रीय शैक्षिक विभागको समन्वयमा केन्द्रीयस्तरमा शैक्षिक सम्मेलन आयोजना गरिनेछ ।

10. विधान संशोधन तथा मस्यौदा समिति निर्माण गरिएको छ जसमा संयोजक महासचिव दिपेश पुन, सदस्यमा सचिवहरु खगेन्द्र सुवेदी, प्रभाकर गुप्ता, कृष्ण न्यौपाने, प्रसुन कार्की, वद्री चुडाल, नारायण वडाल, तिर्सना हमाल, भिम भट्ट रहने निर्णय गरिएको छ।

केन्द्रीय कार्यालय: बागबजार, काठमाडौं, GPO 8975-EPC 5358, फोन नं.: ०१-४२४३१०८ फ्याक्स: ९७७-४२४३१०८
E-mail: akhilr2022@mail.com, sangeen2040@gmail.com, URL: www.akhilr.org.np.com
www.facebook.com/akhil.revolutionary

11. खेलकुद तथा रचनात्मक विभागको समन्वयमा यहि श्रावण ५ गते देखि १५ गते सम्म
"मानव जिवनका लागि रुख रोपौं
प्रकृतिको संरक्षण गरौ"
भन्ने नारा सहित विश्वविद्यालय देखि विद्यालय सम्म एक लाख बिरुवा रोप्ने निर्णय गरियो।

12. सामाजिक सरोकार विभागको समन्वयमा नेपाल सरकारले नेतृत्व गरिरहेको भ्रष्टाचार विरुद्धको अभियान सफलताको लागि खवरदारी र समर्थनमा
" सुशासन प्रचण्ड सरकारको सरोकार"
"भ्रष्टाचार विरुद्ध नगरिक हस्ताक्षर"
भन्ने नारा सहित यही श्रावण ७-१३ गते सम्म देशव्यापी हस्ताक्षर अभियान सञ्चालन गर्ने र जिल्ला प्रशासन र गृह मन्त्रालय मार्फत नेपाल सरकारलाई बुझाउने ।

13. विश्वविद्यालयको शैक्षिक क्यालेन्डर निर्माण र कार्यान्वयन, नियमित परीक्षा र समयमै परिक्षाफल प्रकाशन, बल्खु केन्द्रित कमाईग्रेसन, प्रोभिजनल, ट्रान्सक्रिप्ट वितरण लाई विद्यार्थीको पहुँचमा लैजानको लागि त्रिविवि केन्द्रीत संघर्ष सञ्चालन गर्ने, 10.+2 , CTVT र अन्य विश्वविद्यालय तहमा छात्रवृत्ति पारदर्शिताको लागि सेन्ट्रल पोर्टल निर्माण गर्न संघर्ष गर्नुका साथै छात्रवृत्ति कार्यान्वयन बारे छात्रवृत्ति विभागको नेतृत्वमा अनुगमन गर्ने ।

14. आर्थिक मन्दीको कारण जनजिवन कष्टकर बनिरहेको अवस्थामा विभिन्न शिक्षण संस्थाले गर्ने शुल्क वृद्धि रोक्न संघर्ष गर्ने ।

15. केन्द्रीय प्रशिक्षण विभागको समन्वयमा भदौ महिना भित्र केन्द्रीय स्कुल सञ्चालन गर्ने प्रदेश र जिल्ला तहमा अनिवार्य स्कुलिङ कार्यक्रम आयोजना गर्ने ।

16. संगठन विभागको समन्वयमा श्रावण १५ देखि देशब्यापी सदस्यता नविकरण कार्यक्रम सञ्चालन गर्ने ।

17. केन्द्रीय सदस्यहरुले वैठक अगावै लेवी तिरिसक्नुपर्ने निर्णय गरिएको छ ।

18. स्ववियु निर्वाचनमा अन्तर्घात र संगठनको निर्णय विपरीत काम गरेका क्याम्पस समितिलाई छानबिन सहित प्रतिवेदन तयार गर्न अनुगमन तथा मुल्यांकन आयोगलाई जिम्मेवारी दिइएको छ।

दिपेश पुन
महासचिव

पञ्चा सिंह
अध्यक्ष